फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोल्फुटार, काठमाडौं
## ३ नं. प्रदेश, नेपाल
### (शिक्षा शाखा)

प.स. ०७५/७६
च.न. ३४

मिति: २०७५।०१।१०

**बिषय: छात्रबृति सम्बन्धमा।**

श्री सबै वडा कार्यालयहरु ,
बूढानीलकण्ठ नगरपालिका, काठमाडौ।

प्रस्तुत बिषयमा बूढानीलकण्ठ नगरपालिकाको मिति २०७५।०१।१० को निर्णय अनुसार अर्को व्यवस्था नभएसम्मका लागि यस नगरपालिका भित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धमा शिक्षा बिभागको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ को ४.२.१ विद्यालय तहको छात्रवृत्ति वितरण समितिको निर्णायानुसार विद्यालयले प्रत्येक कक्षाको कूल बिद्यार्थी संख्याको १० प्रतिशतमा नघट्ने गरी जेहन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, वा जनजाति, शहिद परिवारका बालबालिका, जनआन्दोलनका घाईतेका सन्ततिलाई प्राथमिकताका साथ पछाडि पृष्ठमा उल्लेखित आधारमा रही विद्यालयलाई सिफारिश गर्नुहुन निर्णयानुसार अनुरोध छ। साथै छात्रवृत्तिको लागि विद्यालयलाई गरिने सिफारिश पत्रको ढाँचा यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

***पुनश्च:*** विद्यालयहरुलाई सूचना निकाल्न निर्देशन दिनहुन तथा संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ को ४.२.१. अनुसारको समितिको निर्णयानुसार प्रभावकारी कार्यान्वयनमा सहजिकरण गरिदिनुहुन समेत अनुरोध छ।

०७५।१।१०
नवराज नेपाल
शाखा अधिकृत

०।८

*नोट: थप जानकारीका लागि नगरपालिकाको वेभसाईट www.budhanilkanthamun.gov.np मा हेर्न सकिने छ।*

## छात्रवृत्ति वितरणका लागि देहाय बमोजिमका विद्यार्थीहरुलाई प्राथमिकता दिनुपर्ने:

१) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यपार, व्यवासय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यून्तम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापी कलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको,

२) भूमि संम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको।

३) आधिकारिक निकाय वाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबिको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको,

४) अपाङ्गता भएका बालबालिका ।

**अभिभावकहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी मिति २०७५।०१।२५ सम्म आप्नो बसोबास रहेको सम्बन्धित वडा कार्यलय बाट सिफारिस लिई सम्बन्धित विद्यालयमा निवेदन दिनुपर्नेछ।**

१) अभिभावकको स्थायी ठेगाना भएको सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,

२) विद्यार्थी भर्ना भएको प्रमाण पत्र,

३) अभिभावकको नागरिकताको फोटोकपी,

४) छात्रवृत्ति माग गरेको कक्षा भन्दा तल्लो कक्षाको मार्कसिटको फोटोकपी,

५) अपाङ्ग अभिभावक वा अपाङ्ग विद्यार्थीको हकमा नीजको अपाङ्ग परिचयपत्रको फोटोकपि,

६) दलित, जनजाती र पिछडीएको वर्गको हकमा सम्बन्धित आधिकारिक निकायबाट प्रदान गरिएको प्रमाणपत्र वा सिफारिश पत्र,

७) शहिद द्धन्द्धपीडित र जन आन्दोलनका धाइतेको हकमा नेपाल सरकारबाट प्राप्त भएको प्रमाणको फोटोकपी।

## वडा कार्यालयले अपनाउनुपर्ने प्रकृया:

१) मिति २०७५।०१।२५ सम्म सम्बन्धित विद्यालयलाई सिफारिस गर्ने,

२) जेहेन्दार, विपन्न, असहाय तथा गरिव , अपाङ्ग, छात्रा, दलित, जनजाति, द्धन्द पीडित र सहिद परिवारका बिद्यार्थिहरुलाई प्राप्त कागजातहरु हेरी सिफारिश गर्ने,

३) छात्रवृतिका लागि सिफारिश गर्दा सहज, सरल,छिटो, छरितो रुपमा सेवाग्राहीलाई सेवा प्रवाहको वन्दोबस्त मिलाउनुपर्ने।

# (संम्बन्धित वडा कार्यालयले  विद्यालयलाई छात्रवृतिको लागि सिफारिस गर्ने पत्रको ढाँचा )

प.स.
च.न.                                                                                                    मिति: २०७५।०१।

बिषय:- छात्रबृत्ति सम्बन्धमा।

श्री ...................................... विद्यालय, वडा नं ........
बूढानीलकण्ठ नगरपालिका , काठमाण्डौ।

प्रस्तुत बिषयमा शिक्षा विभागको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधिमा  व्यवस्था भए अनुसार विद्यालयले प्रति कक्षा कूल विद्यार्थी संख्याको १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, वा जनजाति, शहिद परिवारका बालबालिका, जनआन्दोलनका घाईतेका सन्ततीलाई प्राथमिक्ताका साथ छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था भए अनुसार विद्यार्थी / अभिभावक श्री .................................................................ले विपन्न/अपाङ्ग/महिला/दलित/जनजाति/शहिद परिवारका बालबालिका/जनआन्दोलनका घाईते दर्शाई छात्रवृत्तिको  व्यवस्थाको लागि सिफारिश गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिनु भएकाले संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ अनुसार व्यवस्था हुन सिफारिश साथ अनुरोध छ।

**तपसिल:**

| **क्र.स** | **छात्र/छात्राको नाम थर** | **कक्षा** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |